सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक २७३ ♦ २०८२ साल जेष्ठ ४ गते आइतवार ♦ 18 May 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## महेन्द्रनगर स्थित वण्डरलैण्ड वाटरपार्कमा विद्यार्थी र प्रहरीबीच झडप

### प्रहरी द्वारा ४ राउण्ड अश्रुग्यास प्रहार, ५ सुरक्षाकर्मी घाइते, १० विद्यार्थी पक्राउ



**खबर दर्पण समाचारदाता**

**जेष्ठ ३ गते, महेन्द्रनगर**

धनुषा जिल्लाको क्षीरेश्वरनाथ नगरपालिकाको वडा नम्बर १ रमदैया महेन्द्रनगर स्थित वण्डर लैण्ड वाटरपार्कमा शनिबार बिहान विद्यार्थी र प्रहरीबीच झडप भएको छ । वंडरलैण्ड वाटरपार्कमा अनधिकृत रुपमा प्रवेश गरेका विद्यार्थीहरुले उपद्रव गर्न थालेपछि प्रहरीले हस्तक्षेप गरेको थियो। कमजोर व्यवस्थापनको कारण भएको अराजक स्थितिलाई नियन्तणमा लिन प्रहरीले ४ राउण्ड अश्रुग्यास प्रहार गरेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

प्रहरीले १० जना विद्यार्थीलाई नियन्त्रणमा लिएको पुष्टि गरेको छ । विद्यार्थीले गरेको ढुंगामुढाबाट ५ जना सुरक्षाकर्मी सामान्य घाइते भएका छन् । प्रहरीका अनुसार पार्कमा समान्य क्षति भएको छ। जानकी फन पार्क एण्ड रिसोर्टका सञ्चालक गुड्डु जैनले आइतबार देखि निर्धारित समयमा नै फन पार्क सञ्चालन हुने जनाएका छन् ।

शिक्षा क्षेत्रमा क्रियाशील कृष्ण फाउन्डेशन नामक संस्थाले कक्षा १२ को परीक्षा दिएका विद्यार्थीहरुलाई लक्षित गरी वाटर लैण्ड पार्कसित सम्झौता गरी प्रति विद्यार्थी एक सय रुपैयाँमा टिकट बिक्री गरेको थियो । सामान्यतया ९ सय रुपैयाँ पर्ने टिकट एक सय रुपैयाँमा क्यूआर कोडमार्फत बिक्री गरिएको थियो ।

सस्तो टिकट पाएपछि शनिबार बिहानै पार्कमा ठूलो संख्यामा विद्यार्थी पुगेका थिए । तर, पार्कको क्षमता भन्दा धेरै विद्यार्थी आएका कारण व्यवस्थापन पक्षले प्रवेशमा रोक लगाएपछि विवाद शुरु भएको बताइएको छ। विवादका क्रममा पार्कका कर्मचारीले विद्यार्थीमाथि हातपात गरेको आरोपपछि विद्यार्थी आक्रोशित बनेर तोडफोडमा उत्रिएको बताइएको छ ।


जिल्ला प्रहरी कार्यालय धनुषाका सूचना अधिकारी प्रहरी निरीक्षक सञ्जीवकुमार यादवले जनाए अनुसार स्थिति नियन्त्रणमा लिन गएका प्रहरीमाथि विद्यार्थीले ढुंगामुढा गरेका थिए। झडपमा ढुंगामुढाबाट ५ जना प्रहरी सामान्य घाइते भएको उनले जनाएका छन्। पार्क सञ्चालक गुड्डु जैनले कृष्णा फाउण्डेशनले शैक्षिक संस्थाको प्रचारप्रसारका लागि बिहान ९ देखि ११ बजेसम्मका लागि पार्क लिएको जनाएका छन्। ' पार्कको क्षमता भन्दा अत्यधिक संख्यामा मानिसको उपस्थिति भएपछि स्थिति तनावपूर्ण बनेको उनले

*बाँकी पृष्ठ २ मा*

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# उच्च रक्तचाप प्रमुख स्वास्थ्य समस्या बन्दै




**खबर दर्पण समाचारदाता**
**जेष्ठ ३ गते, बर्दिवास**

बदि्लदो जीवन शैली, अनावश्यक सोच र खानपानमा लापरवाहीजस्ता कारणले उच्च रक्तचाप प्रमुख स्वास्थ्य समस्या बन्दैगएको चिकित्सकको भनाइ छ ।

पहिले सम्भ्रान्त र शहरियामा देखा पर्ने यो समस्या अब ग्रामीण भेगमा पनि फैलिदै गएको उहाँहरुले बताउनुभयो ।

विश्व उच्च रक्तचाप दिवसको अवसर पारेर बर्दीबासस्थित शुभ स्वस्तिक अस्पतालले शनिवार बर्दीबासमा आयोजना गरेको नि:शुल्क रक्तचाप तथा मुटु परीक्षण शिविरमा डा. श्यामसुन्दर शाही (फिजिसियन) का अनुसार असपतालमा आउने विरामीमध्ये ६० प्रतिशतमा उच्च रक्तचापको समस्या देखिएको छ ।

बदलिदो समय क्रमसँगै रक्तचाप लाग्ने उमेर १० वर्षले घटेको उहाँले बताउनुभयो । डा. शाहीले भन्नुभयो, 'हामी कलेज छँदा ४० वर्ष कटेकोमा उच्च र क्तचाप देखा पर्ने पढेका थियौं । अहिले यो उमेर घटेर ३० वर्ष पार गरेका अधिकांशमा 'हाइपर टेन्सन' देखिएको छ । चिन्ताजनक अवस्था हो ।'

असपताल प्रमुख दीपक कार्कीकाअनुसार रक्तचापलाई नियमित रुपमा मापन गर्नुपर्ने आवश्यकतालाई पैरवी गर्न शुभ स्वास्तिक अस्पतालले सवारी चालक र मोटरपार्टस् वर्कसपमा कार्यरत श्रमिकलाई लक्षित गरी अस्पताल परिसरमा आयोजना गरेको नि:शुल्क शिविर मा अपरान्ह २ बजेसम्म सर्वसाधारणसहित १२६ जनाको परीक्षण गरिएकोमध्ये अधिकांशमा उच्च रक्तचाप पाइएको छ ।

तनावपूर्ण जीवन, अस्वस्थ्य खानपान र असन्तुलित जीवनशैलीले उच्च रक्तचाप विश्वब्यापी समस्या बनेको डा. शाहीले बताउनुभयो । यसले स्वास्थ्य क्षेत्रमा मस्तिष्क घात, 'दयाघातजस्ता समस्या थपेको उहाँको भनाइ छ ।

डा शाहीले भन्नुभयो, 'उच्च र क्तचापबाट बच्न सन्तुलित जीवन यापन गर्ने, नुनको मात्रा घटाएर ५ प्रतिशतमा झार्ने, मध्यपान र धुम्रपान नगर्ने, तनाव नलिने, पत्रु खाना (जंक फुड) नखाने, नियमित ब्यायाम गर्नेजस्ता आनीवानीले रक्तचाप सन्तुलित राख्न सकिन्छ ।

# मधेश प्रदेशमा राष्ट्रिय चिकित्सक संघ, नेपालको नयाँ कार्यसमिति सर्वसम्मत चयन



**खबर दर्पण समाचारदाता**
**जेष्ठ ३ गते, जनकपुरधाम**

राष्ट्रिय चिकित्सक संघ, नेपाल मधेश प्रदेशको नयाँ कार्यसमिति सर्वसम्मत रुपमा चयन गरिएको छ।

शनिबार जनकपुरधाममा सम्पन्न संघको प्रथम प्रादेशिक अधिवेशन २०८२ बाट डा. नौसाद हकको अध्यक्षतामा १६ सदस्यीय कार्यसमिति चयन गरिएको हो।

कार्यसमितिमा डा. गंगारमा खर्ग र डा. कृष्णा महर्जन उपाध्यक्षमा चयन भएका छन्। सचिवमा डा. आशिक क्षा, उपसचिवमा डा. अवधेश मण्डल र महिला उपसचिवमा डा. रमिता यादव चयन भएकी छन्। कोषाध्यक्षमा डा. दीपक चौरसिया चयन भएका छन्। सदस्यहरूमा डा. विशाल शर्मा, डा. अमरेस यादव, डा. फणिन्द्र अधिकारी, डा. विमल कुमार यादव, डा. केसर बहादुर साह, डा. राजेस नायक, डा. शैलेन्द्र साह, डा. राम प्रताप साह, डा. गंगा प्रसाद यादव, डा. मोस्तिकिम मन्सुर, डा. ओम प्रकाश कुसवाहा, डा. सुरेन्द्र यादव, डा. वेद प्रसाद कुसवाहा, डा. उमेश कुमार कुसवाहा, डा. सुधिर यादव, डा. विरेन्द्र साह, डा. पंकज साह र डा. एराज खान चयन भएका छन्।

संघको अधिवेशनले प्रदेश स्तरीय चिकित्सकहरूको संगठित नेतृत्व चयन गर्दै भावी योजना र नीतिहरूको दिशा तय गर्ने अपेक्षा गरिएको छ।

# महेन्द्रनगर स्थित वण्डरलैण्ड वाटरपार्कमा विद्यार्थी.............

जनाएका छन् ।

'अपेक्षा भन्दा बढी संख्यामा विद्यार्थी आएको कारण व्यवस्थापनमा समस्या आयो र स्थिति बिग्रियो ' उनले भने, पार्कको मुख्य प्रवेशद्वारमा क्यूआर कोडको रिसिभ र परिचय पत्र अनिवार्य रुपमा देखाएर प्रवेशको व्यवस्था गरिएको थियो । तर विद्यार्थीहरु पर्खाल र ढोकामा चढेर जथाभावी प्रवेश गर्न थालेपछि समस्या उत्पन्न भएको उनले बताएका छन् । विद्यार्थीहरूले गेट, लाइट र सजावटका सामग्री तोडफोड गरेको जैनेले जनाएका छन् ।

कृष्णा फाउण्डेशनले कक्षा १२ उत्तीर्ण विद्यार्थीलाई आफूले भनेको कलेजमा भर्ना गराउने उद्देश्यले एक हप्ताअघिदेखि नै वाटरपार्कमा भेला पार्ने योजना बनाएको थियो । सस्तो टिकटमा मनोरञ्जन पाइने लोभमा अपेक्षाभन्दा धेरै विद्यार्थी उपस्थित हुँदा अप्रिय घटना भएको बताइएको छ । प्रहरीले घटनामा संलग्न रहेको आशंकामा नियन्त्रणमा लिइएका १० जनासँग सोधपुछ भइरहेको जनाएको छ ।

घटनापछि दिउँसो कृष्णा फाउण्डेशनको तर्फबाट उपाध्यक्ष सुजीत कर्णले जारी गरेको विज्ञप्तिमा विद्यार्थीहरुबाट उठाइएको एक रुपैयाँ फिर्ता गरिने जनाएका छन् । 'तोडफोड लगायतका घटनामा संलग्नहरुलाई कारबाहीको माग गर्दछौँ' उनले विज्ञप्तिमा भनेका छन्, 'पवित्र उदेश्यका साथ गरिएको कार्यक्रममा भएको अप्रिय घटनाप्रति दुख व्यक्त गर्दछौं ।'

पार्कका सञ्चालक जैनले जारी गरेको विज्ञप्तिमा आइतवारबाट पुनः निर्धारित समयमा नै सञ्चालन हुने जनाएका छन् । उनले पानीको सफाइ लगायत मर्मतका कार्यहरु भइरहेकोले सञ्चालनमा ढिलाइ नहुने जनाएका छन् । पार्कमा हाल वाटरलैण्ड हाल सञ्चालनमा रहेको छ ।

प्रहरीले यस प्रकारको कार्यक्रमको आयोजना गर्न सुरक्षा निकायसित समन्वय गर्न भनेको छ ।

भीडभाड हुने कार्यक्रमका लागि अनिवार्य रुपमा स्वीकृति र समन्वय हुनुपर्ने धनुषाका प्रहरी प्रमुख एसपी नरहरी रेग्मीले जनाएका छन् । घटनामा संलग्नहरुको पहिचान र अनुसन्धान जारी रहेको बताउँदै उनले भने, 'दोषीहरुलाई कारबाहीको दायरामा ल्याइने छ ।'

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१